# गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाण्डौं

फोन नं. ०१-४९१४११४
०१-४९१४११५
फ्याक्स नं. ०१-४९१४११६

३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या ०७५/०७६
चलानी नं. १३९८

मिति: २०७५।१२।०८

श्री सबै वडा कार्यालयहरु,

गोकर्णेश्वर नगरपालिका, काठमाण्डौं ।

**विषय: वेरोजगार निवेदन संकलन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७५।१२।०४ गतेको च.नं. PMEP/14/95 को पत्र अनुसार रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम यही चैत्र महिनाभित्र बेरोजगार व्यक्तिहरुलाई आफू स्थायी बसोबास गरेको वडाको कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनको लागि निबेदन संकलन गर्नुपर्ने भएकाले यस नगरपालिका भित्रका सबै वडा कार्यलयहरुलाई निबेदनका फारम वितरण र संकलन गरी सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

पुनश्च: निबेदनको फारम नगरपालिकाको कार्यालयबाट उपलब्ध गराइने ब्यहोरा जानकारी गराइन्छ ।

२०७५।१२।८

भिम बहादुर शाही
शाखा अधिकृत

नेपाल सरकार

# श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रमको

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को परिमार्जित फारम बमोजिम आगामी आर्थिक वर्ष १०७६।७७ मा स्थानीय तह मतहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकाश निर्माणका काममा योगदान गर्न इन्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बरोजगार व्यक्तिको सुचीमा सूचीकृत हुन निबेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ । निबेदनको फारम वडाकार्यालयमा उपलब्ध हुनेछ ।